आर्थिक बर्ष २०७६/०७७

# आन्तरिक लेखापरीक्षणको एकीकृत बार्षिक प्रतिबेदन

## सारांश



नेपाल सरकार

## अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

अनामनगर काठमाण्डौ

२०७७

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३(१) अनुसार महालेखा नियन्त्रक कार्यालयलाई सङ्घीय सञ्चित कोषको सञ्चालनको संवेदनशिल र महत्वपूर्ण जिम्मेवारी सुम्पेको छ ।ऐनकोदफा ३(२) अनुसार सङ्घीय सञ्चित कोषको लेखा अध्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने अभिभारा महालेखा नियन्त्रक कार्यालयलाई तोकिएको छ ।सोही ऐनको दफा ३३(१) ले नेपाल सरकारका प्रत्येक कार्यालयको कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण महालेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था गरेको छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनकोदफा ३३(११) ले महालेखा नियन्त्रक कार्यालयले दफा ३३(१) बमोजिम गरेको आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन प्रत्येक वर्षको कार्तिक महिनाभित्र अर्थ मन्त्री समक्ष पेश गर्नुपर्ने भनि तोकिएको जिम्मेवारी अनुसार सबै संबैधानिक निकाय, मन्त्रालय तथा केन्द्रियस्तरका कार्यालयबाट प्राप्त सहयोग समेतका आधारमा आन्तरिक लेखा परिक्षणका क्रममा महालेखा नियन्त्रक कार्यालय अन्तर्गतका ८१ वटा कोष तथा लेखा नियन्त्रक कार्यालयहरु परिचालित थिए ।

महालेखा नियन्त्रक कार्यालय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयहरुले आन्तरिक लेखा परीक्षणको उद्देश्य र क्षेत्रको मर्मलाई पूर्णरुपमा आत्मसात गरी कार्य सम्पादन गरिएको छ ।

**<u>आन्तरिक लेखा परीक्षणको उद्देश्य</u>**

क) सरकारी निकायहरूबाट निर्दिष्ट उद्देश्य हासिल गर्न गरिएको लगानी (Input) नियमित, मितव्ययी र प्रभावकारी भए नभएको परीक्षण गरी व्यवस्थापनलाई सुझाव प्रदान गर्ने ,

(ख) सरकारी निकायबाट गरिने आम्दानी तथा खर्च र त्यसको लेखाङ्कन प्रचलित कानूनद्वारा निर्दिष्ट प्रक्रिया अनुरूप भए वा नभएको परीक्षण गरी वित्तीय पारदर्शिता र जवाफदेहीता कायम गर्न सहयोग पुऱ्याउने,

(ग) लेखापरीक्षण प्रतिवेदन समयमै सही र भरपर्दो रूपमा उपलब्ध गराई वित्तिय अनुशासन कायम गर्नव्यवस्थापनलाई सहयोग पुऱ्याउने,

(घ) आन्तरिक लेखापरीक्षण सम्बन्धी सुधारका विषय वस्तुहरूलाई प्रभावकारी पार्न नीतिगत पृष्ठपोषण गर्ने,

(ङ) अन्तिम लेखापरीक्षण कार्यलाई सहयोग पुऱ्याउने,

(च) आन्तरिक नियन्त्रण प्रणाली प्रयोगको अवस्था सम्बन्धमा जाँच गर्ने ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

**<u>आन्तरिक लेखापरीक्षणका क्षेत्र</u>**

(क) वित्तीय कारोबारको गणितीय शुद्धताको परीक्षण गर्ने,

(ख) प्रचलित कानूनको पालना भए नभएको परीक्षण गर्ने,

(ग) वित्तीय साधनको उपयोग मितव्ययी, दक्ष र प्रभावकारी रूपमा भए नभएको परीक्षण गर्ने,

(घ) स्वीकृत वार्षिक कार्यक्रमबाट निर्धारित लक्ष्य प्राप्त भए नभएको परीक्षण गर्ने,

(ङ) वित्तिय प्रतिवेदनहरूले आर्थिक कारोवारको सही र यथार्थ चित्रण प्रस्तुत गरे नगरेको परीक्षण गर्ने,

(च) संगठनले अपनाएको आन्तरिक नियन्त्रण प्रणालीको पूर्णता र यसकोप्रभावकारीताको मूल्याङ्कन तथा विश्लेषण गर्ने,

(छ) लेखाङ्कन तथा प्रतिवेदनको स्वीकृत ढाँचा तथा मापदण्ड पालना भए नभएको परीक्षण गर्ने,

(ज) सार्वजनिक खर्चको जोखिम विश्लेषण गर्ने,


(झ) सार्वजनिक लेखा प्रणालीमा सुधार गर्न सुझाव दिने ।

आर्थिक वर्ष २०७६।०७७ मा नेपाल सरकारका विभिन्न संबैधानिक निकाय, मन्त्रालय तथा केन्द्रियस्तरका कार्यालय र तत् अन्तर्गतका समेत कुल ३,१७६ कार्यालयहरुको बिभिन्न १४,३६८ कार्यक्रमहरुको आन्तरिक लेखापरीक्षणको कार्य सम्पन्न भएको छ ।


**<u>बढी बजेट विनियोजन र खर्चका आधारमा केही निकायहरु</u>**

| क्र सं | मन्त्रालय/निकाय/तह | जम्मा वजेट विनियोजन (रु लाखमा) | कुल विनियोजनको % | जम्मा खर्च (रु लाखमा) | विनियोजनमा खर्च % |
|---|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १,५१२,४३९.०० | ९.८७ | ८६९,५९३.०० | ५७.५० |
| २ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | १,३९९,६३२.०० | ९.१३ | ५२६,१८२.०० | ३७.५९ |
| ३ | रक्षा मन्त्रालय | ५०३,३९२.०० | ३.२८ | ५०२,६८८.०० | ९९.८६ |
| ४ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ३९२,३४०.०० | २.५६ | ३०८,६९६.०० | ७८.६८ |
| ५ | अर्थ मन्त्रालय | २२१,६९३.०० | १.४५ | ७७,७७५.०० | ३५.०८ |
| ६ | गृह मन्त्रालय | १,४०५,३९५.०० | ९.१७ | १,२९६,९४७.०० | ९२.२८ |
| ७ | अन्य निकाय | ९,८९४,७८२.०० | ६४.५५ | ७,३५३,६८३.०० | ७४.३२ |
| | जम्मा | १५,३२९,६७३.०० | | १०,९३५,५६४.०० | |

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं




प्रस्तुत एकीकृत प्रतिवेदन अनुसार आ.व. ०७६/७७ मा कुल निकासा/खर्च रु १० खर्ब ९३ अर्ब ५५ करोड ६३ लाखको आन्तरिक लेखापरीक्षण सम्पन्न भएको छ ।





नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

लेखा अधिकृत

## कम बजेट विनियोजन र खर्चका आधारमा केही निकायहरु

| कोड | मन्त्रालय/निकाय/तह | जम्मा वजेट विनियोजन (रु लाखमा) | कुल विनियोजन% | जम्मा खर्च (रु लाखमा) | विनियोजनमा खर्च% |
|---|---|---|---|---|---|
| १ | थारू आयोग | ४९,९.०० | ०.३२६ | २७७.०० | ५५.४५ |
| २ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ६,३७,१७.०० | ०.४१ | ५,१८,२३.०० | ८१.३३ |
| ३ | महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | ७८५०.०० | ०.०५१ | ४३२१.०० | ५५.०४ |
| ४ | युवा तथा खेलकूद मन्त्रालय | ५,५८,६८.०० | ०.३२७ | ४६५१०२.०० | ८३.२५ |
| ५ | आदिवासी जनजाति आयोग | ५०,२.०० | ०.३६ | ८८.०० | १७.७२ |
| | जम्मा | १५३२९६७१.०० | | १०९३५५६३.०० | |





नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

लेखा अधिकृत

आर्थिक वर्ष २०७६।०७७ को आन्तरिक लेखापरीक्षणबाट रु ११ अर्ब ३९ करोड ९५ लाख बेरुजु देखिएको छ । उक्त बेरुजु अङ्क कुल बजेट निकासा/खर्चको तुलनामा १.०४% देखिन्छ ।

| सि.नं | विवरण | आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु रकम (रु. लाखमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | आ .व. ७४/७५ | आ. व. ७५/७६ | % | आ .व. ७६/७७ | % |
| १ | नियमितगर्नुपर्ने | ३,२८,८५.०० | १,५८,२१.०० | ३.३३ | ३,३३,०१.५५ | ७.६६ |
| २ | असूल गर्नुपर्ने | १४,१५.०० | ४०,८७.०० | ०.८६ | १,०८,८५.७३ | २.५० |
| ३ | म्याद नाघेको पेश्की बाँकी | ५०,१४,०९.०० | १५,२२,३९.०० | ३१.९६ | ६,९८,१२.१९ | १६.०८ |
| ४ | म्याद ननाघेको पेश्की बाँकी | | ३०,४१,४२.०० | ६३.८५ | ३२,०४,४३.०२ | ७३.७६ |
| | कूल जम्मा | ५३,५८,०९.०० | ४७,६२,९१.०० | १०० | ४३,४४,४१.४९ | १०० |





(आ.व.०७५/७६ र ०७६/७७ गरी दुई आ.व.कोकोलम चार्ट)


आन्तरिक लेखापरीक्षणका क्रममा गत आर्थिक बर्ष २०७५/०७६ म्याद ननाघेको पेश्की रु ३०,४१,४१,९९,७५६।०० रहेकोमा आर्थिक बर्ष २०७६/०७७ मा रु ३२,०४,४३,५७,६४१।०२ रहेको जुन गत बर्षको तुलनामा ५.३६ प्रतिशतले बृध्दि भएको देखिन्छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

लेखा अधिकृत





आर्थिक वर्ष २०७६/०७७ मा म्याद ननाघेको पेश्की कुल रु ३२ अर्व ०४ करोड ४३ लाख ५७ हजार भन्दा बढी देखिएको छ । सो मध्ये सबैभन्दा बढि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र अन्तर्गत रु ९ अर्व ३५ करोड १५ लाख, रक्षा मन्त्रालय र सो अन्तर्गत रु ९ अर्व ०५ करोड ३२ लाख, शहरी बिकास मन्त्रालय र सो अन्तर्गत रु ३ अर्व ५३ करोड ८८ लाख, राष्ट्रिय पूननिर्माण प्राधिकरण र सो अन्तर्गत रु २ अर्व ८३ करोड १६ लाख, गृह मन्त्रालय र सो अन्तर्गत रु १ अर्व ३३ करोड २५ लाख र अर्थ मन्त्रालय र सो अन्तर्गत ५१ करोड ७४ लाख उल्लेख हुन आएको छ ।




नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

लेखा अधिकृत

आर्थिक बर्ष २०७६/०७७ मा देखिएको कुल बेरुजु रु ११ अर्व ३९ करोड ९७ लाख ४६ हजार ९ सय ७२ पैसा ४७ को मध्ये सबैभन्दा बढी बेरुजु स्थानीय तहहरुमा ४ अर्व २२ करोड ४२ लाख देखिएको छ । यसैगरी निकायगत रुपमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सो अन्तर्गतमा १ अर्ब ८४ करोड ४ लाख, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र सो अन्तर्गतमा १ अर्व ५२ करोड २ लाख, रक्षा मन्त्रालय र सो अन्तर्गतमा ९८ करोड ९० लाख, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र सो अन्तर्गतमा मा ६० करोड ०६ लाख तथा अर्थ मन्त्रालय र सो अन्तर्गतमा ५३ करोड ७३ लाख र अन्य निकाय अन्तर्गत ५ अर्व ९१ करोड २२ लाख बेरुजु देखिएको छ ।




नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

लेखा अधिकृत

## निकायगत मन्त्रालयगत निकासा, खर्च, बेरुजु तथा प्रगती विवरण(रु.लाखमा)

| क्र.स. | मन्त्रालय/निकाय/तह | जम्मा वजेट | जम्मा खर्च | प्रगतीप्रतिशत | बेरुजु रकम | बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | राष्ट्रपति | १८,७३.०० | १५,८०.०० | ८४.३९ | | |
| २ | उपराष्ट्रपति | ४,९६.०० | ४,६५.०० | ९३.७२ | | |
| ३ | प्रदेशप्रमुखहरु | २४,९३.०० | १४,४४.०० | ५७.९२ | ०.३४ | ०.०००३ |
| ४ | संघीय संसद | १,३१,७१.०० | १,१७,९६.०० | ८९.५६ | ४९.०० | ०.०४ |
| ५ | अदालत | ६,६४,०१.०० | ४,७७,२९.०० | ७१.८८ | ६३.०० | ०.०६ |
| ६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | १,३८,९१२.०० | ९५,०२.०० | ६८.४० | ५.२५ | ०.००४६ |
| ७ | महालेखा परीक्षकको कार्यालय | ७०,८७.०० | ४८,८५.०० | ६८.९२ | | |
| ८ | लोक सेवा आयोग | ८२,७०.०० | ६७,०५.०० | ८१.०८ | ०.२६ | ०.०००२ |
| ९ | निर्वाचन आयोग | ९०,२३.०० | ५३,०९.०० | ५८.८३ | ९.०० | ०.००७८ |
| १० | राष्ट्रिय मानव अधिकार आयोग | २५,६८.०० | १८,८५.०० | ७३.४० | ७३.२६ | ०.०७ |
| ११ | न्याय परिषद् | ६,९१२.०० | ६,२८.०० | ९०.८२ | | |
| १२ | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | ९,२०.०० | ४,६३.०० | ५०.३९ | | |
| १३ | राष्ट्रिय महिला आयोग | १२,०३.०० | ६,०९.०० | ५०.६५ | | |
| १४ | राष्ट्रिय दलित आयोग | ५,०३.०० | १,२९.०० | २५.७३ | | |
| १५ | राष्ट्रिय समावेशी आयोग | ५,०१.०० | १,६२.०० | ३२.२७ | | |
| १६ | आदिवासी जनजाति आयोग | ५,०२.०० | ८९.०० | १७.७२ | | |
| १७ | मधेशी आयोग | ५,०१.०० | २,४१.०० | ४८.१० | | |
| १८ | थारू आयोग | ४,९९.०० | २,७७.०० | ५५.४५ | | |
| १९ | मुस्लिम आयोग | ५,०१.०० | २,४६.०० | ४९.०६ | ०.१८ | ०.०००२ |
| २० | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४,८५,४०.०० | ३,५०,५३.०० | ७२.२१ | २९३४.०० | २.५७ |
| २१ | अर्थ मन्त्रालय | २२,१६,९३.०० | ७,७७,७५.०० | ३५.०८ | ५३७३.०० | ४.७२ |
| २२ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ८,८७,२४.०० | ४,१२,९६.०० | ४६.५४ | ११५५.०० | ०.०००१ |
| २३ | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | ३८,४५,६५.०० | २३,४०,६३.०० | ६०.८६ | १४४०.०० | १.२७ |
| २४ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ५३,६३.०० | २८,१८.०० | ५२.५५ | ०.१८ | ०.०००२ |
| २५ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २७,१५,४८.०० | २०,९६,५३.०० | ७७.२१ | ७२६.०० | ०.६४ |
| २६ | खानेपानी मन्त्रालय | १९,४०,२४.०० | ९,०१,११.०० | ४६.४४ | ४२३.०० | ०.३७ |
| २७ | गृह मन्त्रालय | १,४०,५३,९५.०० | १,२९,६९,४७.०० | ९२.२८ | ४१७१०.०० | ३.६६ |
| २८ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ५,३६,८०.०० | ३,८८,०८.०० | ७२.२९ | १८०.०० | ०.१६ |
| २९ | परराष्ट्र मन्त्रालय | ५,८५,७६.०० | ३,८१,१६.०० | ६५.०७ | | |
| ३० | वन तथा वातावरण मन्त्रालय | १२,६४,५४.०० | ९,७२,१५.०० | ७६.८८ | ४०४.०० | ०.३६ |
| ३१ | भूमि व्यवस्था, सहकारीतथागरिबी निवारण मन्त्रालय | ६,३७,१७.०० | ५,१८,२३.०० | ८१.३३ | २०५.०० | ०.१८ |
| ३२ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १५,१२,४३,९.०० | ८६,९५,९३.०० | ५७.५० | १८४०५.०० | १६.१५ |
| ३३ | महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | ७८,५०.०० | ४३,२१.०० | ५५.०५ | | |
| ३४ | युवा तथा खेलकूद मन्त्रालय | ५,५८,६८.०० | ४,६५,१०.०० | ८३.२५ | ३५६.०० | ०.३१ |
| ३५ | रक्षा मन्त्रालय | ५०,३३,९२.०० | ५०,२६,८८.०० | ९९.८६ | ९८९१.०० | ८.६८ |

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

लेखा अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३६ | शहरी विकास मन्त्रालय | ३४,६५,३३.०० | २४,५७,१४.०० | ७०.९१ | ३५६८.०० | ३.१३ |
| ३७ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ५३,४८,५८.०० | ३९,४०,०९.०० | ७३.६७ | १०३.०० | ०.०९०८ |
| ३८ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ६,५६,२७.०० | ५,७२,९१.०० | ८७.३० | ५४९.०० | ०.४९ |
| ३९ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २९,९०,५१.०० | १६,२६,०८.०० | ५४.३७ | २११.०० | ०.१९ |
| ४० | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ३९,२३,३९.०० | ३०,८६,९७.०० | ७८.६८ | १५२०३.०० | १३.३४ |
| ४१ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ४,३२,२२.०० | ९५,१८.०० | २२.०२ | ७५.०० | ०.०६५७ |
| ४२ | राष्ट्रिय योजना आयोग | १,०१,५६.०० | ५४,६४.०० | ५३.८० | १.२० | ०.००११ |
| ४३ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | १,३९,९६,३२.०० | ५२,६१,८२.०० | ३७.५९ | ६०३७.०० | ५.३० |
| ४४ | अर्थ मन्त्रालय- वित्तीय व्यवस्था | १,०६,४६,९४.०० | ६०,३५,५९.०० | ५६.६९ | | |
| ४५ | अर्थ मन्त्रालय- आन्तरिक ऋण भुक्तानी | ६२,४३,५१.०० | ५४,७९,९६.०० | ८७.७७ | | |
| ४६ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | २४,७३,५८.०० | २३,२४,३७.०० | ९३.९७ | | |
| ४७ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | ६,३७,१४.०० | ५,५५,४४.०० | ८७.१८ | | |
| ४८ | अर्थ मन्त्रालय- कर्मचारी सुविधा तथा सेवानिवृत सुविधा | ८३,६४,६३.०० | ५४,२६,४१.०० | ६४.८७ | | |
| ४९ | अर्थमन्त्रालय- विविध | ५६,३९,८९.०० | ८४,४४.०० | १.५० | | |
| ५० | प्रदेश | १,१९,८४,७२.०० | १,०७,४०,९२.०० | ८९.६२ | ४३.०० | ०.०३८ |
| ५१ | स्थानीय तह | २,५०,६२,८७.०० | २,४३,०४,३५.०० | ९६.९७ | ४२२४२.०० | ३७.०६ |
| | | १५,३२,९६,७१.०० | १०,९३,५५,६३.०० | ७१.३४ | ११३९९७.०० | |

**<u>आ.व. ०७६/७७ को आन्तरिक लेखापरीक्षणमा देखिएका मुख्य-मुख्य विषयहरु:</u>**

१. कर्मचारीहरुको करयोग्य आयमा पारीश्रमिक कर कट्टी नगरेको, करारमा कार्यरत कर्मचारीलाई अन्य सेवा शुल्कबाट भुक्तानी दिनुपर्नेमा तलबबाट खर्च लेखेको,ढिलो भुक्तानी गरि जरिवाना तिरेको,खर्च शिर्षक फरक पारी भुक्तानी दिईएको, नियमानुसार लाग्ने आयकर कट्टा नगरेको,बिलभन्दा बढि भुक्तानी गरेको, बढि ग्रेड भुक्तानी, भेरिएसन परिमाणको प्राविधिक पुष्टयाई र कारण पेशनगरी तथा निर्णय बिना कार्यालय भवन निर्माण कार्यको रकम भुक्तानि गरेको जस्ता बेरुजु अधिकांश रूपमा विगत बर्ष जस्तै दोहोरिएको छ। यसले सम्वन्धित कार्यालयहरु आन्तरिक लेखापरीक्षणबाट औल्याइएको बेरुजुहरुमा सुधारगर्ने तर्फ गंभिर रहेको देखिएन

२. आर्थिक कार्यविधी नियमावली,२०६४ अनुसार प्रत्येक मन्त्रालय, निकायले आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा अधिकांश निकायले तयार गरेको देखिदैन। आन्तरिक नियन्त्रण प्रणालीको मूंल्याकन आन्तरिक लेखापरीक्षणबाट हुन सकेको छैन ।

३. राजस्व लेखाको लेखापरीक्षणमा आन्तरिक लेखापरीक्षण अत्यन्त कमजोर देखिएको छ। विभिन्न निकायले सेवा प्रवाह गरेबापत प्राप्त गर्नु पर्ने सेवा शुल्क,नियमानुसार तोकिएको कर राजस्व प्राप्त गरे नगरेको, प्राप्त गरेको राजस्व बैक दाखिला नगर्ने जोखिम न्युनिकरण गर्न आन्तरिक लेखापरिक्षणलाइ आगामी दिनमा थप जिम्मेवार र प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

लेखा अधिकृत

४. सार्वजनिक खरिद ऐन , २०६३ तथासार्वजनिक खरिद नियमावली, २०६४ मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरि सिमाभन्दा बढी रकमको एउटै ब्यक्ति फर्म कम्पनि वा संस्थाबाट सोझै खरिद गर्न सकिने छैन भन्ने ब्यबस्था रहेकोमा कार्यालयले तोकिएको सिमाभन्दा बढीको मालसामानहरु सोझै खरिद गरेको देखिएको छ । सार्वजनिक खरिदमा प्रचलित कानुनको पुर्ण पालना गर्नुपर्दछ ।

५. नेपाल सरकारको लेखा निर्देशिका,२०७३ ले वित्तीय कारोवारको लेखाङ्कन र संलग्न हुनुपर्ने प्रमाण कागजातहरुको वारेमा स्पष्ट गरेको भएतापनि निकायहरुले उक्त निर्देशिकाको पालना नगर्दा नियमित गर्नुपर्ने, कागजात पेश गर्नुपर्ने जस्ता प्रकृतिका बेरुजुहरु दोहोरिएको र बेरुजुको अंक समेत वढ्दै गएको देखिन्छ।

६. आन्तरिक लेखापरीक्षणबाट औल्याइएका व्यहोराहरु सम्वन्धित कार्यालयले अन्तिम लेखापरिक्षण हुनु अगावै सुधार गरी महालेखा परिक्षक कार्यालयको प्रतिवेदनमा समग्र बेरुजु रकम न्युन गर्नु पहल गर्नुपर्ने देखिन्छ। साथै सम्वन्धित निकायहरुले समयमै आन्तरिक लेखापरीक्षणबाट औल्याइएका बेरूजहरु फर्छयौट गरे नगरेकोनियमित अनुगमन गर्नुपर्ने देखिन्छ।

<u>**प्रतिवेदन मार्फत दिइएका सुझावहरु**</u>

१ प्रचलित कानूनको पूर्ण परिपालनामा हुनुपर्ने ।

२ प्रत्येक मन्त्रालय/निकायले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्ने ।

३ खरिद/ठेक्का व्यवस्थापन कार्य प्रभावकारी तुल्याउन सम्बन्धित पदाधिकारीलाई थप जिम्मेवार तुल्याउनु पर्ने ।

४ आर्थिक कारोबार गर्ने कर्मचारी/आन्तरिक लेखापरीक्षकको प्राबिधिक ज्ञान/क्षमता अभिबृध्दि गरिनु पर्ने ।

५ एकल कोष खाता प्रणालीको सुधार र स्तरोन्नती गरी प्रतिवेदन प्रणाली प्रभावकारी बनाउनु पर्ने ।

६ सार्वजनिक खर्चमा जोखिम पहिचान र व्यवस्थापनको लागि आवश्यक संयन्त्र निर्माण गरी कार्यान्वयन हुनुपर्ने ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

लेखा अधिकृत